# E-learning Platform तयार हुँदै

काठमाडौं, भदौ १

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले E-learning Platform तयार गरिरहेको छ । यस मार्फत विपद्का विषयहरुबारे आधारभूत जानकारी लिन सकिनेछ । इलर्निङ्ग प्लेटफर्ममा हाल विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र लैङ्गिक समानता तथा समावेशीकरण सम्बन्धी दुईवटा पाठ्यक्रम समावेश गरिएको छ । विपद् व्यवस्थापन सम्बन्धी पाठ्यक्रमभित्र चारवटा शत्र (Modules) राखिएका छन् । लैङ्गिक समानता सम्बन्धी पाठ्यक्रमभित्र तीनवटा शत्र (Modules) राखिएका छन् । प्राधिकरणका प्रवक्ता तथा उपसचिव डा. डिजन भट्टराईले आगामी दिनमा यसलाई थप परिस्कृत गर्दै लैजाने प्राधिकरणको उद्धेश्य रहेको बताउनुभयो । विपद्का विषयमा अध्ययन गर्न र रुचि भएकाहरुका लागि यो प्लेटफर्म उपयोगी हुने प्रवक्ता डा. भट्टराईले बताउनुभयो ।



इलर्निङ्ग प्लेटफर्मको आज प्राधिकरणका कर्मचारीहरुबीच पहिलो परिक्षण कक्षा (Demonstration) सम्पन्न गरिएको छ । यसमा आएका सुझावहरुलाई समावेश गरी पाठ्यक्रमलाई अन्तिम रुप दिइने प्रवक्ता डा. भट्टराईले बताउनुभयो । इन्टरनेटको माध्यमबाट सर्वसाधारणसम्म सहज रुपमा पहुँच पुर्याउने गरी तयार गरिएको यो प्लेटफर्मले विपद्बारे बुझ्न मद्दत गर्ने प्राधिकरणको अपेक्षा छ । इलर्निङ्ग प्लेटफर्म प्राधिकरणले योङ्ग इनोभेसन (Young Innovation) र सम्बन्धित विषय विज्ञहरु वंशीकुमार आचार्य, राजकुमार त्रिखत्री र श्यामसुन्दर ज्ञवालीको सहकार्यमा तयार गरिरहेको हो । https://elearning.ndrrma.gov.np/course/